**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ मार्च २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि दुई दिने भ्रमणका लागि दार्जीलिङ आउनु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेंडर स्टबबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुने भएको छ।

३. एयर इन्डियाले पश्चिम एसियाको वर्तमान अवस्थाका बीच अधिक मागलाई ध्यानमा राख्दै थप क्षमताका उडानहरू सञ्चालन गर्ने घोषणा गरेको छ।

४. पश्चिम बंगालमा एस आई आरको क्रममा कथित लापरवाहीको बारेमा मुख्य निर्वाचन अधिकारीको कार्यालयले निर्वाचन आयोगको मुख्यालयलाई विस्तृत रिपोर्ट पठाएको छ।

५. कडा सुरक्षाबीच नेपालमा संसदीय **चुनाव**का लागि मतदान सुरु भएको छ।

**राष्ट्रपति-भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु भोलिदेखि दुई दिने औपचारिक भ्रमणका लागि दार्जीलिङ आउनु हुनेछ। राष्ट्रपति पद सम्हालेपछि यो उहाँको पहिलो पहाड भ्रमण हो, जसलाई लिएर दार्जीलिङ र उत्तर बंगालमा विशेष उत्साह देखिएको छ।

राष्ट्रपति मुर्मुको भोलि दिउँसो लेबोङ हेलिप्याडमा ओर्लिनुहुने कार्यक्रम छ। त्यहाँबाट उहाँ सडक मार्ग हुँदै दार्जीलिङको ऐतिहासिक राजभवन जानुहुनेछ। अपराह्न ४ बजे  एउटा भव्य नागरिक अभिनन्दन र सांस्कृतिक कार्यक्रममा सामेल रहनुहुनेछ। राष्ट्रपतिको भ्रमणलाई ध्यानमा राख्दै दार्जीलिङ प्रशासनले सुरक्षा व्यवस्था निकै कडा पारेको छ।

**प्रधानमंत्री-फिनलैंड राष्ट्रपति बैठक**

प्रधानमन्त्री नरेन्द्र मोदी र फिनल्याण्डका राष्ट्रपति अलेक्जेंडर स्टबबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुने भएको छ। दुई नेताबीच विभिन्न क्षेत्रमा द्विपक्षीय सहकार्यलाई अझ बलियो बनाउने विषयमा छलफल हुनेछ। साथै उनीहरूले बहुपक्षीय मञ्चहरूमा सहयोग लगायत क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा पनि विचारहरू आदानप्रदान गर्नुहुनेछ। वार्तापछि कैयौं समझौता पत्रमा हस्ताक्षर हुनेछन्।

**रायसीना संवाद**

भारतको भू-राजनीति र भू-अर्थशास्त्र प्रमुख सम्मेलन रायसिना संवादको ११ औँ संस्करण आजदेखि नयाँ दिल्लीमा सुरु हुँदैछ। तीन दिनसम्म चल्ने उक्त सम्मेलनमा अन्तर्राष्ट्रियस्तरका महत्वपूर्ण र रणनीतिक सहकार्यका विषयमा विचारविमर्श हुनेछ। वर्ष 2026 को विषय 'संस्कार – दृढता, मेलमिलाप, प्रगति' हो, जसले वर्तमान विश्व परिदृश्यलाई प्रतिबिम्बित गर्दछ। अब्जर्भर रिसर्च फाउन्डेसनले विदेश मन्त्रालयसँगको सहकार्यमा यसको आयोजना गरेको हो।

**एयर इंडिया - एडवाइजरी**

एयर इन्डियाले पश्चिम एसियाको वर्तमान अवस्थाका बीच अधिक मागलाई ध्यानमा राख्दै टोरंटो, फ्रैंकफर्ट र पेरिस–चाल्स डी गलमा थप क्षमताका उडानहरू सञ्चालन गर्ने घोषणा गरेको छ। एयर इन्डियाले सोशल मीडिया पोस्ट मार्फत  'आजदेखि ११

मार्च सम्म दिल्ली र टोरन्टोबीच तीन अतिरिक्त उडान हुने र ७ मार्च देखि १० मार्चसम्म दिल्ली र फ्रान्कफर्टबीच तीन उडान तथा दिल्ली र पेरिसबीच अतिरिक्त उडान हुने जनाएको छ । यसैबीच, एयर इन्डिया एक्सप्रेस संयुक्त अरब अमीरातको रास अल खैमाहबाट दिल्ली, कोची र मुम्बईमा शनिबारसम्म उडान गर्ने जनाएको छ। अर्कोतिर पश्चिम एसियाको जारी अवस्थाका बीच एयर इन्डियाले यात्रीहरुका लागि ठूलो राहतको घोषणा गरेको छ । एयर इन्डियाले प्रभावित यात्रुहरूलाई कुनै अतिरिक्त शुल्क बिना उनीहरूको टिकटको मिति परिवर्तन गर्दा वा रद्द गर्दा पूर्ण फिर्ता पाउने सुविधा दिइनेछ। यो सुविधा यस वर्षको २८ फेब्रुअरीमा वा त्यसअघि गरिएका सबै कन्फर्म बुकिङमा लागु हुनेछ । पश्चिम एसिया, यूनाइटेड किंगडम र युरोपबाट आउने उडानका लागि यो सुविधा यही महिनाको १० तारिखसम्म लागू हुनेछ ।

**पश्चिम बंगाल विधानसभा चुनाव**

` निर्वाचन आयोगले पश्चिम बंगालमा आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै आज कोलकातामा प्रवर्तन एजेन्सीहरूका नोडल अधिकारीहरूसँग भर्चुअल बैठक आयोजना गर्नेछ। यसअघि आयोगले होलीअघि मार्च २ मा जिल्ला निर्वाचन अधिकारी, वरिष्ठ पुलिस अधिकारी र केन्द्रीय बलका नोडल अधिकारीहरूसँग बैठक गरेको थियो।उता वरिष्ठ उप निर्वाचन आयुक्त ज्ञानेश भारतीको नेतृत्वमा निर्वाचन आयोगको एक टोली ८ मार्चमा कोलकाता पुग्नेछ । त्यसपछि आयोगले पश्चिम बंगालको भ्रमण गर्ने सम्भावना छ।

**विशेष गहन पुनरीक्षण**

पश्चिम बंगालमा जारी मतदाता नामावलीको विशेष गहन संशोधनको क्रममा कथित लापरवाहीको बारेमा मुख्य निर्वाचन अधिकारीको कार्यालयले निर्वाचन आयोगको मुख्यालयलाई विस्तृत र कडा टिप्पणी भएको रिपोर्ट पठाएको छ। रिपोर्टमा आरोप लगाइएको छ कि केही मतदाता दर्ता अधिकारी र सहायक मतदाता दर्ता अधिकारीहरू जानाजानी आफ्नो कर्तव्य निर्वाहमा लापरवाह छन्। स्रोतका अनुसार सुनुवाइका क्रममा मतदाताले बुझाएका कागजात तोकिएको समयसीमाभित्र सिस्टममा अपलोड नभएका कैयौँ घटना रिपोर्टमा उल्लेख छन् । आयोगको निर्देशनअनुसार सबै कागजात एकै दिन अपलोड गर्नुपर्ने भए पनि कतिपय अवस्थामा अन्तिम क्षणसम्म प्रक्रिया स्थगित गरिएको थियो । यस ढिलाइको कारण, अपूर्ण प्रक्रियाको कारण ठूलो संख्यामा मुद्दाहरू निर्णयको लागि पठाउनु पर्यो। मुख्य निर्वाचन अधिकारीको कार्यालयले आफ्नो रिपोर्टमा केही केसहरूमा ढिलाइ जानाजानी गरिएको देखिएको, जसका कारण न्यायिक विचाराधीन मुद्दाहरूको संख्यामा वृद्धि भएको उल्लेख छ। त्यस्ता अधिकारीमाथि अनुशासनको कारबाही गर्न पनि सिफारिस गरिएको छ । तर, अन्तिम निर्णय निर्वाचन आयोगले नै गर्नेछ । यो घटनाक्रम यस्तो समयमा आएको छ जब २८ फेब्रुअरीमा राज्यको अन्तिम मतदाता सूची प्रकाशित भएको थियो, जसमा करिब ६० लाख मुद्दाहरू न्यायिक विचारका कारण समावेश गरिएको थिएन। अधिकारीहरूले स्पष्ट पारेका छन् कि मुद्दाहरू निपटाएपछि पूरक सूची चरणबद्ध रूपमा जारी गरिनेछ**शुभेंदु**

**पद्मश्री**

पद्मश्री २०२६ पुरस्कारबाट सम्मानित डा. गम्भीर सिंह योन्जोनलाई दार्जिलिङ वेलफेयर सोसाइटी–कालिम्पोङ च्याप्टरले सम्मान गरेको छ। कार्यक्रममा राज्यसभा सासद हर्षवर्धन श्रृंगला प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो भने उहाँकै बाहुलीबाट योन्जनलाई सम्मान गरियो। यसैबीच कार्यक्रममा सहभागी हुन पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको सासद हर्षवर्धन श्रृंगलाले बताउनु भयो। यसको साथमा योन्जोनलाई पदश्री सम्मान प्रदान गरेर माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले केवल उहाँलाई मात्र होइन सम्पूर्ण गोर्खा समुदायलाई पनि सम्मान दिनुभएको उहाँले बताउनु भयो। कार्यक्रममा कालिम्पोङ समाजका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू—पूर्व सैनिक, खेलाडी, सामाजिक संस्था, विद्यार्थी तथा युवाहरूको उपस्थिति रहेको थियो।

**जीटिए कर्मचारी संगठन**

जीटिए कर्मचारी संगठन खरसाङ्ग महकुमा समितिद्वारा खरसाङ्ग टाउन हलमा महकुमा अधिनस्थ रहेका विभिन्न विभागीय कर्मचारीवर्गलाई लिएर एक महत्वपूर्ण सभाको आयोजन गरियो। खरसाङ्ग महकुमा समिति सचिव  विजय प्रधानको अध्यक्षतामा सम्पन्न सभामा भागोप्रमो केन्द्रीय माहासचिव अमर लामा सभासदगण् क्रमैले प्रणम रसाईली, नवराज क्षेत्री, नुरी शेर्पा, श्याम शेर्पा, कल्पना प्रधान सगै पंचायत समिती अध्यक्ष अनु क्षेत्री 'प्रधान' लगायतको उपस्थिति रहेको थियो। सभामा उपस्थित कर्मचारीवर्गले बिभिन्न बिषयहरुमा चर्चा परिचर्चा गरे भने कर्मचारीहरुको विविध समस्याहरु बारेमा उपस्थित नेतृत्वहरुलाई जानकारी गराए। अर्कोतिर सभामा आगामी विधानसभा चुनावमा भागोप्रमोलाई नै समर्थन गर्ने समेत जनाइयो।

**नेपाल - मतदान**

नेपालमा संसदीय **चुनाव**का लागि मतदान सुरु भएको छ । जुन साँझ ५ बजेसम्म चल्नेछ । गत सेप्टेम्बरमा युवा नेतृत्वमा भएको प्रदर्शनपछि यो पहिलो आम निर्वाचन हो । ती प्रदर्शनहरूमा ७७ जनाको मृत्यु भएको थियो र सरकारले राजीनामा दिनुपरेको थियो। नेपालको करिब तीन करोड जनसंख्यामध्ये करिब एक करोड ९० लाख मतदाता २७५ सदस्यीय प्रतिनिधिसभाको निर्वाचनमा सहभागी हुने भएका छन् ।

बाइट

**बिजनबारी**

कैजले ग्राम पंचायत अन्तर्गत अप्पर लिगतेन बुच्के बस्तीमा चार दिवसीय पुजा भब्यरुपमा पुजा सम्पन्न गरियो। पुजाको शुभारम्भ आलेटार स्थित कर्मी गुम्बामा पुजा अर्चना गरेर साथै उक्त गुम्बाको परिक्रमा तथा गुब्बा बिषयमा बिशेष गरी स्थानीय व्यक्ति बिशेषहरु संग गुरु रिमपोछेले भेटवार्ता गरेको थिए। त्यसपछी माता मन्दिरमा छयोतेनको विधिवत रुपमा उदधाटन गरियो जहा बाक्लो संख्यामा भक्तजनहरूको भीड लागेको थियो।

****** ० ******